# रामप्रसादराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बैकुण्ठे, भोजपुर

## औषधि तथा सर्जीकल सामान खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०१।१९

यस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिम औषधी तथा सर्जीकल सामान खरिद कार्य सम्पादन गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमोजिम फाराम खरिद गर्न सकिनेछ। सो सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्नु हुन साथै यस कार्यालयको मोवाइल नं. ९८५२०७३८८८ तथा ९८५२०७३८९० मा सम्पर्क गर्नुहुन साथै थप जानकारीको लागि यस कार्यालयको वेभसाइट www.ramprasadraimun.gov.np हेर्नुहुन समेत सूचित गरिन्छ।

**तपसिल :**

| प्याकेज नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | फारम दस्तूर | दरभाउपत्र जमान्त रकम | फारम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ००१/०७४-७५ | औषधि तथा सर्जीकल सामान खरिद सम्बन्धी | सिलबन्दी दरभाउपध | रु. १०००/- | ४८,५००/- (अट्चालीस हजार पाँच सय मात्र) | २०७५।०२।०३ अपरान्ह ४:०० बजे भित्र | २०७५।०२।०४ मध्यान्ह १२:०० बजे | २०७५।०२।०४ अपरान्ह २:०० बजे | |

**फारम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरू (नोटरी पब्लिकबाट प्रमाणित)**

- औषधि फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- मूल्य अभिवृद्धिकर दर्ता तथा PAN प्रमाणपत्रको प्रतिलिपि
- आर्थिक वर्ष ०७३/७४ को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि

**शर्तहरूः**

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनसम्ममा यस गाउँपालिकाको कार्यालय बैकुण्ठेबाट रु. १००० (एक हजार) नगदै (पछि फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ।

२. सिलवन्दी दरभाउपत्र फारम खरिद गर्न फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दता भएको दर्ता प्रमाणपत्र आ.व. ०७३।७४ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, नोटरी पब्लिकद्धारा प्रमाणित प्रतिलिपीहरु संलग्न राखि रु. १०।( को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६(सोह्रौं) दिन दिउँसो १२:०० बजेसम्ममा यस गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ। रीतपूर्वक दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिन अपरान्ह १४:०० बजे सम्बन्धित दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा ( उपस्थित नभएपनि) खोलिनेछ।

४. सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समयअनुसार नै हुनेछ।

५. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्धारा प्रमाणित गराई वोलपत्र साथ (सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ।
क) औषधिको फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र (नवीकरण सहित),
ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्बर (प्यान) को प्रमाण पत्र,
ग) आ.व. २०७३/७४ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,
घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धीत घोषणापत्र,

६. सिलवन्दी दरभाउपत्र जमानत यस गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी कोष खाता नं. २०४०३०००७१०७ कार्यालय कोड नं. ०७-८०१-०७ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस गाउँपालिका कार्यालयलको नाममा सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ।

७. सिलवन्दी दरउभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस गाउँपालिकामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाँउपालिकामा सुरक्षित रहेको छ।

९. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**